# स्थानीय राजपत्र
## घोराही उप-महानगरपालिका

५ नं. प्रदेश, घोराही, दाङ

खण्ड २) संख्या ३५ स्थानीय राजपत्र भाग २ मिति २०७५।११।०२


# सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि- २०७५

**प्रस्तावना**

विभिन्न कारणले सडकमा आएका बालबालिकाको उद्धार, संरक्षण, मनोसामाजिक विमर्श, सामाजिकीकरण, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना तथा पुनः एकीकरणका कार्यक्रमहरु संचालन गरी सडक बालबालिकाको व्यवस्थापन तथा सडकमा बालबालिकाहरु नआउने वातावरण सिर्जना गर्न सञ्चालन गरिने कार्यक्रमको खर्च गर्ने कार्यविधिको लागि महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले “सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७५” को अधिनमा रही घोराही उप-महानगरपालिका सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि-२०७५ कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम “सडक बालबालिका व्यवस्थापन खर्च कार्यविधि २०७५” रहनेछ ।

(ख) यो कार्यविधि नगर प्रमुखज्यूबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) स्थानीय तहको बालअधिकार समिति” भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० बमोजिम गठित समिति सम्झनुपर्दछ ।

(ख) “मन्त्रालय” भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ ।

(ग) “कार्यालय” भन्नाले घोराही उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

(घ) “बालकल्याण अधिकारी” भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ बमोजिम नियुक्त हुने वा तोकिएको व्यक्ति सम्झनु पर्दछ ।

(ङ) “स्थानीय तह” भन्नाले घोराही उप-महानगरपालिका सम्झनु पर्दछ ।

(१) “प्रदेश” भन्नाले ५ नं. प्रदेशलाई सम्झनु पर्नेछ ।

(२) “कार्यालय प्रमुख” भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्नेछ ।

(३) “कार्यक्रम” भन्नाले सडक बालबालिकाको उद्धार, संरक्षण, मनोविमर्श,

सामाजिकीकरण, पारिवारिक तथा सामाजिक पुनर्स्थापना एवं पुनःएकीकरण सहित सडक बालबालिकाको हितमा कार्य गर्न गराउन सचेतनालगायत बालअधिकारको प्रवर्द्धन र सडक बालबालिकाको अधिकार तथा भविष्य सुनिश्चित गर्न सरकारी तथा गैरसरकारी निकाय, विकासका साझेदार संस्था र नागरिक समाजसँगको समन्वय, सहयोग र सहकार्यमा सञ्चालन गरिने देहायका कार्यक्रम सम्झनुपर्दछ ।

१) सडक बालबालिका पहिचान तथा उद्धार

२) सम्पर्क गृह

३) सामाजिकीकरण केन्द्र

४) पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनर्स्थापना र पुनःएकीकरण

५) पारिवारिक सहयोग तथा आर्थिक विकास

६) सचेतना अभिवृद्धि तथा रोकथाम

(च) "सडक बालबालिका" भन्नाले चौबिसै घण्टा वा रातभर वा दिनभर वा दिनरातको केही समय जीवन निर्वाहका लागि सडकमा आश्रय लिएका निम्नानुसारका बालबालिका सम्झनुपर्दछ ।

१) अभिभावक वा परिवार विहीन भई सडकमा रहेका,

२) परिवारसँग लामो समयदेखि सम्पर्कमा नरही पूर्णरुपमा सडकमा रहेका,

३) परिवारसँग समय-समयमा सम्पर्कमा रही सडकमा रहेका,

४) परिवारसँगै सडकमा रहेका,

५) विपद, द्वन्द्वलगायतका कारण बास स्थान छाडी वा हराएर वा वेवारिस भएर सडकमा नै जीवन निर्वाह गर्न वाध्य भएका,

६) विभिन्न कारणले परिवारबाट परित्यक्त भई सडकमा अलपत्र छाडिएका,

७) विशेष परिस्थिति (पारिवारिक विखण्डन समेत) को कारण एक्लै वा साथीसँग आश्रय लिएका बालबालिका,

## परिच्छेद- २

## कार्यक्रम संचालन र उद्देश्य

३. **कार्यक्रमको उद्देश्य :**

(१) सडक बालबालिकाको उद्धार, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनः स्थापना तथा पुनः एकीकरण गरी उनीहरुलाई सडक जीवनबाट मुक्त गर्नु ।

(२) बालबालिका सडकमा आउने कारणको पहिचान गरी सो को सम्वोधनद्वारा उनीहरु सडकमा आउने क्रमलाई निरुत्साहन गर्नु ।

(३) सडक बालबालिका व्यवस्थापन कार्य तथा खर्च गर्ने प्रक्रियामा एकरुपता कायम गर्नु ।

४. **कार्यक्रम सञ्चालन :**

घोराही उपमहानगरपालिकामा सडक बालबालिका व्यवस्थापन सम्बन्धी कार्य गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(१) स्थानीय तहले प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलको सहयोगमा सडक बालबालिकाहरुको उद्धार, संरक्षण, लालनपालन, परिवार तथा सामाजिक पुनः स्थापना, पुनर्मिलन, पुनः एकीकरण, मनोसामाजिक परामर्श, सामाजिकीकरण लगायतको कार्यहरु संचालन गर्ने, उद्धार गरिएका बालबालिकाहरुलाई प्रदेशको समन्वयमा

सम्बन्धित स्थानीय तह तथा सामाजिक संघसंस्थाबाट पुनः र्स्थापना गर्न सकिनेछ ।

(२) सडक बालबालिकाहरुलाई विभिन्न सचेतनामूलक सन्देश तथा कार्यक्रम संचालन गरी समाजमा बस्ने उपयुक्त वातावरण सिर्जना गर्दै पुनः सडकमा फर्कनबाट रोक्ने ।

(३) सडक बालबालिकाहरुको स्वास्थ्य तथा औषधि उपचार कार्यको लागि आवश्यक व्यवस्था मिलाउने ।

(४) सडक बालबालिकाहरुलाई औपचारिक तथा अनौपचारिक शिक्षा, सीपमूलक तथा अभिमुखीकरण तालिममार्फत सक्षम बनाउने कार्यहरु संचालन गर्ने ।

(५) बालबालिका सडकमा आउने कारणको पहिचान गरी सो को सम्वोधनद्वारा उनीहरु सडकमा आउने क्रमलाई निरुत्साहित गर्न कार्य अगाडि बढाउने ।

(६) सरोकारवालाहरु (सरकारी तथा गैरसरकारी संघ, संस्था, नागरिक समाज) सँग समन्वय, सहजीकरण र सहकार्य गर्ने ।

(७) स्थानीय तहले सञ्चालित सडक बालबालिका सम्बन्धी कार्यक्रमको प्रतिवेदन प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयमा पठाउने

**५ स्थानीय तहको बाल अधिकार समिति :**

स्थानीय तह उप-प्रमुखले तोकेको कार्यपालिका सदस्यको अध्यक्षतामा स्थानीय बालअधिकार समिति गठन हुनेछ ।

## परिच्छेद- ३
## खर्च र लेखापरीक्षणः

६ **खर्च र लेखापरीक्षण :**

(क) सडक बालबालिका व्यवस्थापनको लागि विभिन्न स्रोतबाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन बमोजिम आय व्यव विवरणको लेखा राख्ने तथा आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण गराउने । प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयमा समेत पठाउनु पर्ने ।

(ख) सडक बालबालिकाको व्यवस्थापनको लागि विनियोजित बजेट प्रचलित आर्थिक प्रशासन सम्बन्धी ऐन, नियमावलीको खर्चको मापदण्डको परिधिभित्र रही खर्च गनुपर्नेछ। उक्त रकम खर्च गर्दा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ तथा यस कार्यविधिको परिधिभित्र रही खर्च गर्नुपर्नेछ ।

(ग) विनियोजित बजेट अनुसार कुन-कुन क्षेत्रमा के कति रकम खर्च गरियो, सडक बालबालिका व्यवस्थापनमा गरिएका सकारात्मक पक्षहरु के-के रहे, कमी-कमजोरीहरु के-के छन् भन्ने सम्बन्धमा विवरण तयार गर्ने ।

७. **प्रतिवेदन पेश गर्ने :**

स्थानीयतहले सडक बालबालिका व्यवस्थापन सम्बन्धी गरेका कार्यक्रमहरुको प्रगति प्रतिवेदन, आयव्यय विवरण, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले एकीकृत

रुपमा अर्धवार्षिक र वार्षिक रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्ने ।

## परिच्छेद- ४
## विविध

८. **विविध :**

सडक बालबालिका सम्वन्धी कार्यक्रम संचालन गर्दा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ र सडक बालबालिका पहिचान तथा उद्धारका लागि कार्य संचालन पुस्तिका-२०७२ लाई समेत आधार मान्नु पर्नेछ ।

आज्ञाले,
सन्तबहादुर सुनार
प्रमुख प्रशासकीय अधिकृत